# गैरआवासीय नेपाली संघ

# अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य मनोनयन सम्बन्धी नियमावली, २०२१

<u>अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पारित भएको मितिः</u>

सन् २०२१ जुलाई १७

**संशोधनः**

१. गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य मनोनयन सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०२३ सन् -*२०२३ जुलाई ९ को अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक*

**प्रस्तावनाः** गैरआवासीय नेपाली संघको विधान २००३ *........................ को दफा २२.१४ *.... र १७.२ अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषद्ले मनोनयन गर्ने सदस्यहरुको मनोनयन प्रक्रिया, मनोनित सदस्यहरुको काम, कर्तव्य र अधिकार व्यवस्था गर्न बाञ्छनीय भएको हुँदा गैर आवासीय नेपाली संघको विधान २००३ *........................ को दफा १७.६ बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषद्ले यो नियमावली बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यी नियमहरुको नाम "गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य मनोनयन सम्वन्धी नियमावली, २०२१" रहेको छ ।

(२) यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ । *<u>यो नियमावलीमा कुनै संशोधन अन्तर्राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय बाट भएमा सोही मिति देखि यो नियमावलीमा भएको संशोधन लागू हुनेछ</u> ।

२. <u>परिभाषाः</u>

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "**संघ**" भन्नाले गैरआवासीय नेपाली संघलाई जनाउनेछ ।

(ख) "**विधान**" भन्नाले गैरआवासीय नेपाली संघको विधान २००३ *........................ लाई जनाउनेछ ।

(ग) "**अन्तर्राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जनाउनेछ ।

(घ) "**मनोनित सदस्य**" भन्नाले संघको *<u>विधानको</u> उपदफा २२.१४ *.... र १७.२ मा व्यवस्था भए अनुसारको सदस्यलाई जनाउनेछ ।

(ङ) "**अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय**" भन्नाले संघको अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयलाई जनाउनेछ ।

---

* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा थप ।

*(च) **"सदस्य"** भन्नाले संघको विधानका अनुसूची - ७ अनुसार निर्वाचित सदस्यलाई जनाउँनेछ ।

३. <u>**मनोनयन प्रक्रिया र योग्यता :**</u>

(१) विधानको उपदफा २२.१४.१ र उपदफा १७.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्मा मनोनित हुने *<u>सदस्य</u> संख्या २१ जना हुनेछ ।

(२) मनोनित हुने सदस्यहरुमा कम्तिमा ७ जना महिला र ७ जना विभिन्न विषयगत विज्ञ हुनु पर्नेछ ।

(३) मनोनित हुने २१ जना सदस्यहरु मध्ये १५ जना संघको अध्यक्षबाट मनोनित गरिनेछ र बाँकी सदस्यहरु अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठकले मनोनित गर्नेछ ।

(४) मनोनित सदस्यहरुको पदावधि मनोनियत भएको *<u>मितिबाट</u> अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदावधि सम्म हुनेछ ।

(५) संघको केन्द्रीय तहमा रही योगदान गर्न सक्ने गैरआवासीय नेपालीलाई मनोनित सदस्यहरुमा मनोनित गर्नु पर्नेछ ।

तर मनोनित हुने सदस्य निज बसेको देशको राष्ट्रिय समन्वय परिषद्को पञ्जिकृत सदस्य रहेको अनिवार्य हुनु पर्नेछ ।

(६) राष्ट्रिय महाधिवेशनको निर्वाचनमा पराजित व्यक्ति, अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्य वा पदाधिकारी पदमा पराजित व्यक्ति कुनै पनि पदमा अन्तर्राष्ट्रिय समन्वय परिषद्को सोही कार्यकालका लागि मनोनित हुन सक्ने छैन ।

(७) मनोनयनलाई पारदर्शी बनाउन प्रस्तावित सदस्यहरुको व्यक्तिगत विवरण, अनुभव, विशेषज्ञता र उनीहरुले अन्तर्राष्ट्रिय समन्वय परिषद्मा पुऱ्याउन सक्ने योगदानको विवरण बैठक भन्दा कम्तिमा ७ (सात) दिन पूर्व अन्तर्राष्ट्रिय समन्वय परिषद् कार्यकारी सचिवालय समक्ष पेश गर्नु पर्नेछ ।

(८) मनोनयको लागि अध्यक्षले सम्वन्धित क्षेत्रका क्षेत्रिय संयोजक मार्फत राष्ट्रिय समन्वय परिषद्सँग परामर्श गर्न सक्नेछ तर उनीहरुबाट आएको राय स्वीकार गर्नु बाध्यता हुने छैन् ।

*(९) <u>अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठकको हुने मनोनित सदस्य अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठकको अध्यक्ष सहितको बहुमतको निर्णयबाट हुन सक्नेछ ।</u>

*(१०) <u>मनोनीत सदस्यहरुको मनोनयन नवनिर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक बसेको मितिले १ (एक) महिना भित्र गरि सक्नु पर्नेछ ।</u>

४. <u>**मनोनित सदस्यको काम र कर्तव्य :**</u>

(१) मनोनित सदस्यको हैसियत निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य बराबर हुनेछ तर उनीहरुको कार्यक्षेत्र भने फरक हुनेछ ।

(२) विधानको उपदफा २२.१४.२ मा उल्लेख भए अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषद्ले मनोनित सदस्यहरुको जिम्मेवारी तोक्नेछ भने मनोनित सदस्यको काम र कर्तव्य विधानको उपदफा २२.१३ अनुसार हुनेछ ।

---

* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।

(३) मनोनित सदस्य सम्वन्धित राष्ट्रिय समन्वय परिषद्को वैठकमा आमन्त्रित सदस्यको रुपमा भाग लिन पाउने छ तर मतदानको अधिकार रहने छैन् । राष्ट्रिय समन्वय परिषद्ले निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरुलाई जस्तै मनोनित सदस्यहरुलाई बैठकको सूचना अनिवार्य रुपमा गराउनु पर्नेछ ।

(४) मनोनित सदस्यहरुले अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोके बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यता शुल्क सपथ लिनु अगाडी बुझाउनु पर्ने छ ।

(५) मनोनित सदस्यहरुले अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेको विनियम र आचार संहिताको पालना गर्नु पर्नेछ ।

*(६) मनोनित सदस्यहरुले आफ्नो विज्ञता अनुसार रचनात्मक कर्तव्य पूरा गर्नु पर्नेछ ।

५. **बाधा अड्काउ फुकाउः**

यस नियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा विधानको अधिनमा रही त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको विधानसँग नबाझिने गरी फुकाउन सक्नेछ ।

*५(क) **विनियम वा निर्देशिका वा परिपत्र बनाउन सक्नेः**

(१) विधानको उद्देश्य कार्यान्वयन गर्नका लागि विधान तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाको प्रतिकूल नहुने गरी अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले आवश्यक विनियम वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) यस नियमावलीको कार्यान्वयनको सहजताका लागि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले विभिन्न परिपत्र जारी गर्न सक्नेछ ।

६. **यसै विनियमावली बमोजिम हुनेः**

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

*६(क) **स्वतः निष्कृय हुनेः** यस नियमावलीमा उल्लेख भएका कुराहरु संघको विधानसँग वाझिन गएमा स्वतः निष्कृय हुने सो हक सम्म विधानको व्यवस्थाहरु लागू हुनेछ ।

७. **खारेजी र बचाउः**

(१) गैरआवासीय नेपाली अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य मनोनयन सम्वन्धी नियमावली, २०१९ खारेज गरिएको छ ।

(२) गैरआवासीय नेपाली अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य मनोनयन सम्वन्धी नियमावली, २०१९ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।